**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०५ मई २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- पश्चिम बंगालमा भारतीय जनता पार्टी (भाजपा) को ऐतिहासिक जीत पछि नयाँ सरकार गठनको तैयारि तिब्र बनेको छ।
- प्रधानमंत्री नरेंद्र मोदीले भारतीय जनता पार्टी-भाजपाको जीतलाई ऐतिहासिक अनि अभूतपूर्व बताउनु भएको छ ।
- भारतीय जनता पार्टीले पश्चिम बंगालमा विधायक दलका नेताको चुनावको लागि केंद्रीय मंत्री अमित शाहलाई केंद्रीय पर्यवेक्षक नियुक्त गरेको छ ।
- पश्चिम बंगाल विधानसभा चुनावमा दुवै सीटमा जीत दर्ता गरेपछि भाजपा नेता शुभेंदु अधिकारीले राज्यवासिहरु प्रति आभार व्यक्त गर्नुभएको छ ।
- खर्साङ,दार्जीलिङ अनि कालेबुङबाट भाजपाका विजय उम्मेदवारहरुले आज मिरिकमा बिजय रैलीको आयोजना गर्यो।

**प्रधानमंत्री**

प्रधानमंत्री नरेंद्र मोदीले भारतीय जनता पार्टी-भाजपाको जीतलाई ऐतिहासिक अनि अभूतपूर्व बताउनु भएको छ । हिज साझ नयाँ दिल्लीमा भाजपा मुख्यालयमा चुनाव परिणाम पछि पार्टी कार्यकर्ताहरुलाई संबोधित गर्दै उहाले यसो भन्नुभएको हो ।

**बाइट-पीएम**

प्रधानमंत्री मोदीले पश्चिम बंगाल, असम, पुद्दुचेरी, तमिलनाडु अनि केरलम्का जनता अनि पार्टी कार्यकर्ताहरु प्रति आभार व्यक्त गर्नुभयो । देशमा 20 भन्दा अधिक राज्यहरुमा भाजपा-एनडीए सरकार सत्तामा रहेको उहाले बताउनुभयो ।

**पश्चिम बंगाल - ममता बनर्जी**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले मुख्यमन्त्री पदबाट राजीनामा दिन अस्वीकार गर्नुभएको छ र हालैको चुनाव परिणाम पछि राजीनामा नदिने घोषणा गर्नुभएको छिन किनभने उहाँको विश्वास छ कि भोटहरुमा हेराफेरी गरिएको छ र सम्पूर्ण मतदान प्रक्रियामा धाँधली भएको छ।आज कोलकातामा पत्रकारहरूसितको कुराकानीमा उहाँले आफ्नो पार्टी हारेको छैन भन्नुभयो। निर्वाचन आयोगले पक्षपात गरेको आरोप लगाउँदै सुश्री बनर्जीले भारतको लोकतान्त्रिक इतिहासमा "कालो अध्याय" लेखेको बताउनुभएको छ।भाजपाले ममता बनर्जीको बयानको कडा आलोचना गर्दै भनेको छ ममता बनर्जीले राजीनामा दिए पनि नदिए पनि, वर्तमान विधानसभाको कार्यकाल यसै महिनाको 7 तारीख समाप्त भईरहेको छ, त्यसपछि उनी अब यस सदनको सदस्य रहने छैनन्।

**पश्चिम बंगाल - शपथ ग्रहण**

पश्चिम बंगालमा भारतीय जनता पार्टी (भाजपा) को ऐतिहासिक जीत पछि नयाँ सरकार गठनको तैयारि तिब्र बनेको छ अनि शपथ ग्रहण समारोहको तारीख तय भएको छ ।

***भाजपाका प्रदेश अध्यक्ष समिक भट्टाचार्यले जानकारी दिनुभए अनुसार राज्यको नयाँ मुख्यमंत्रीको शपथ ग्रहण आगामी नौ मईमा हुनेछ । येद्धपी मुख्यमंत्रीको नाम बारे आधिकारिक घोषणा हुनु अझ बाकी छ । आज मीडियासित कुराकानीमा प्रदेश अध्यक्ष भट्टाचार्यले भन्नुभयो कि नौ मईको दिनले विशेष महत्व राख्दछ किनभने त्येस***

***दिन कविगुरु रवीन्द्रनाथ टैगोरको जयंती पनि हो। उहाले अझ भन्नुभयो पश्चिम बंगालको ऐतिहासिक अनि सांस्कृतिक विरासत धेरै समृद्ध रहेको छ। राजाराम मोहन राय, सुभाष चंद्र बोस, स्वामी विवेकानंद अनि रवीन्द्रनाथ जस्ता महान ब्येक्तिहरुको यो भूमि हो। राज्यको यसै गरिमा अनि पहिचानलाई पुनः स्थापित गर्ने दिशामा नयाँ सरकारले काम गर्नेछ। सुत्रहरु अनुसार शपथ ग्रहण समारोह कोलकातामा आयोजित हुनेछ जसमा पार्टीका वरिष्ठ नेता, कार्यकर्ता अनि धेरै संख्यामा समर्थक उपस्थित रहनेछन्। यस पल्ट पश्चिम बंगालमा भाजपा लाई प्रचंड जीत प्राप्त भएको छ। भाजपा ले 206 सीटहरुमा जीत दर्ता गरेको छ।***

**भाजपा पर्यवेक्षक**

भारतीय जनता पार्टीले पश्चिम बंगालमा विधायक दलका नेताको चुनावको लागि वरिष्ठ पार्टी नेता अनि केंद्रीय मंत्री अमित शाहलाई केंद्रीय पर्यवेक्षक नियुक्त गरेको छ। ओडिशाका मुख्यमंत्री मोहन चरण मांझीलाई राज्यमा केंद्रीय सह-पर्यवेक्षक नियुक्त गरिएको छ। असममा विधायक दलका नेताको चुनावका लागि केंद्रीय मंत्री जेपी नड्डालाई केंद्रीय पर्यवेक्षक अनि हरियाणाका मुख्यमंत्री नायब सिंह सैनीलाई केंद्रीय सह-पर्यवेक्षक नियुक्त गरिएको छ। यी नामहरुलाई भाजपा संसदीय पर्यवेक्षक बोर्डले स्वीकृति दिएको छ।

**शुभेंदु अधिकारी**

पश्चिम बंगाल विधानसभा चुनावमा दुवै सीटमा जीत दर्ता गरेपछि भाजपा नेता शुभेंदु अधिकारीले राज्यवासिहरु प्रति आभार व्यक्त गर्नुभएको छ। उहाले पूर्व मिद्नापुर जिल्लाको नंदीग्राम अनि दक्षिण कोलकाताको भवानीपुर सीटबाट जीत दर्ता गरेका छन्। यसको साथै भाजपा ले राज्यमा व्यापक समर्थनको साथमा ठुलो सफलता प्राप्त गरेको छ। सोशल मीडियामा आफ्नो संदेशमा शुभेंदु अधिकारीले पश्चिम बंगालका जनतालाई "प्रणाम" गर्दै भाजपालाई भारी समर्थन दिएकोमा अनि प्रधानमंत्री नरेंद्र मोदीको नेतृत्वमा विश्वास ब्येक्त गरेकोमा सबै प्रति आभार ब्येक्त गर्नुभयो। उहाले भन्नुभयो – यो जीत प्रतेक देशभक्त अनि राष्ट्रवादी नागरिक तथा भाजपाका प्रत्येक कार्यकर्ताको जीत हो। उहाले आफ्नो संदेशमा भन्नुभयो कि भाजपा एक विकसित, समृद्ध अनि सुरक्षित पश्चिम बंगालको निर्माणको लागि प्रतिबद्ध छ अनि पार्टी आफ्नो सबै बाचाहरु पूरा गर्नको लागि दृढ़ संकल्पित छ। सबैलाई साथमा लिएर एक स्वस्थ, सुंदर अनि प्रगतिशील राज्यको निर्माण गरिनेछ जहां जनताको सेवानै सरकारको मुख्य लक्ष्य हुनेछ।शुभेंदु अधिकारीले चुनाव प्रक्रिया सफलतापूर्वक संपन्न गराएकोमा चुनाव आयोग, सरकारी कर्मचारिहरु , केंद्रीय बलहरु तथा राज्य अनि कोलकाता पुलिस प्रति पनि विशेष रुपमा आभार व्यक्त गर्नुभयो। उहाले भन्नुभयो - प्रधानमंत्री नरेंद्र मोदीको नेतृत्वमा एक विकसित अनि आत्मनिर्भर पश्चिम बंगालको निर्माणनै उहाको प्रमुख संकल्प हो।

**भाजपा अध्यक्ष**

पश्चिम बंगाल विधानसभा चुनाउमा एतिहासिक जीतपछि भारतीय जनता पार्टी (भाजपा) का राष्ट्रिय अध्यक्ष नितिन नवीनले आज दिल्लीको सीआर पार्क स्थित कालीबाड़ी मन्दिर पुगेर पूजा-अर्चना गर्नुभयो। उहाले यस जितलाई जनताको विश्वास र परिवर्तनको प्रतीक बताउँदै माँ कालीको आशीर्वाद लिनुभयो। उहाँ सँग बाँसुरी स्वराज र वीरेन्द्र सचदेवा लगायत धेरै नेताहरू उपस्थित थिए। मिनी बंगाल भनेर चिनिने चित्तरंजन पार्कका मानिसहरूले नितिन नवीनलाई स्वागत गरे। त्यसपछि उहाले शंखको ध्वनिबीच विधि विधानको साथ माँ कालीको पूजा गर्नुभयो अनि आशीर्वाद लिनुभयो।कालीबाड़ीमा प्रार्थनापछि मीडियासँग कुरा गर्दै भाजपा राष्ट्रिय अध्यक्ष नितिन नवीनले पश्चिम बंगाल र चुनाउ भएका सबै राज्यका जनतालाई बधाई दिनुभयो। उहाले प्रधानमन्त्री मोदीको नेतृत्वमा पश्चिम बंगालको संस्कृति र सम्पदाको विकास गर्न सकिने विश्वास व्यक्त गर्दै सबै राज्यहरूमा शान्ति र समृद्धिको कामना गर्नुभयो।

**माकपा नेता कल्तान दासगुप्ता**

पश्चिम बंगाल विधानसभा चुनावमा उत्तर 24 परगना जिलांतर्गत पानीहाटीमा आरजी कर पीड़िता (अभया) की माताबाट चुनाव हारेता पनि मार्क्सवादी कमुनिस्ट पार्टीका उम्मीदवार कल्तान दासगुप्ताले न्यायको मांगको समर्थन गरेका छन् ।उहाले भन्नुभयो हामीलाई न्याय चाहिन्छ ।पानीहाटी बाट माकपा उम्मीदवार कल्तान दासगुप्ताले अभयालाई न्यायको मांग गर्दै राज्यमा भ्रष्टाचार अनि बेरोजगारी जस्ता बिभिन्न मुद्दाहरुलाई लिएर ज़ोरदार आन्दोलन गरेका थिए तरै पनि माकपा गुमाएको भरोसा पाउन असफल रह्यो ।

**दिलीप घोष**

पश्चिम बङ्गाल विधानसभा चुनाउमा भाजपाले आशा गरे अनुरूपै जीत हासिल गरेको छ। मानिसहरूले भाजपालाई धेरै आशीर्वाद दिएका छन्। यस्तो मन्तव्य भाजपा नेता दिलीप घोषले आज बिहान खड़गपुर स्टेशनको छेउमा चियामा चर्चा अवधि व्यक्त गरेका हुन्। नयाँ सरकारको लक्ष्य अब बङ्गालको विकास गर्नु रहेको उहाले भरोसा दिनको साथै शिक्षा अनि रोजगारमाथि ध्यान दिने दाबी गर्नुभएको छ । यसैबीच उहाले आर.जी. करको मुद्दा पनि उठाउनु भयो । यस सम्बन्धमा उहाले भन्नुभयो त्यस घटनाले बङ्गाललाई हल्लाइदिएको थियो। जसरी अभयाकी आमाको अपमान गरियो, त्यो ठिक होइन र अब न्याय पाउनेछ।उहाले अझ भन्नुभयो हामी आफ्नो चुनाउ क्षेत्रको जीतबाट अत्यन्त खुशी भएका छौं।

**सिलीगुड़ी - शंकर घोष**

सिलगडी विधानसभा सीट बाट भारतीय जनता पार्टी (भाजपा) का उम्मेदवार शंकर घोषले लगातार दोस्रो पल्ट जीत दर्ता गरेका छन् । आधिकारिक परिणाम घोषित भए पछि आज बिहान दखिनै शहरको भाजपा कार्यालयमा हर्षोल्लासको वातावरण देखियो ।

***भाजपा पार्टी कार्यालयमा कार्यकर्ताहरु , समर्थकहरु अनि आम मानिसहरुको धेरै भीड़ दखियो ।मानिसहरुले ढोल-नगाडा , फूल-मालाहरु अनि मिठाइको साथ जीतको खुशी मनाए । शंकर घोषले भन्नुभयो – यो केवल उहाको व्यक्तिगत जीत होइन तर सिलगडीका जनताको जीत हो । जसरी मानिसहरुले उहाँ माथि बिश्वास गरे त्येसलाई कहिले नभुल्ने अनि मानिसहरुको आशा अनुरुप लगातार काम गरिरहने उहाले बताउनुभयो । उहाले अझ भन्नुभयो कि आगामी दिनहरुमा सिलगढीको समग्र विकास, असल बुनियादी ढांचा , रोजगारको अवसर बढ़ाउने अनि नागरिक सुविधाहरुलाई दह्रिलो बनाउने बिषय माथि विशेष ध्यान दिईनेछ ।***
***यस जीत पछि भाजपा कार्यकर्ताहरुमा नयाँ ऊर्जा देखिएको छ ।राजनीतिक विश्लेषकहरुको भनाई अनुसार लगातार दोस्रो पल्ट जीत दर्ता गरेर शंकर घोषले सिलगडीको राजनीतिमा आफ्नो स्थिति अझ बलियो बनाएका छन् ।***

**बिजय रैली-मिरिक**

भाजपाका उम्मेदवार खर्साङबाट सोनाम लामा , दार्जीलिङबाट नोमन राई अनि कालेबुङबाट भरत छेत्री बिपुल मतले बिजयी बने पछि आज मिरिकमा गठबन्धन दलको पक्षमा गोर्खा जनमुक्ति मोर्चाले शहरमा बिजय रैलीको आयोजना गर्यो। रैलीले शहरको परिक्रमा गर्दै बाईपास मोडमा पुगेर समाप्त भयो। कार्यक्रमलाई सम्बोधन गर्दै गोजमुमो मिरिक महकुमा समितिका अध्यक्ष रुपेश राईले गोर्खाको समस्या समाधानको लागि गोजमुमोले भाजपा माथी पूर्ण आशा राखेको बताउनु भयो ।उहाँले राज्यमा भाजपाले सरकार गठन गरेपछि दार्जीलिङ पहाडको स्थायी राजनैतिक समाधान हुने दाबी गर्नु भयो। अर्कोतिर भाजपा मिरिक मण्डल कमिटी अनि सौरेनी मण्डल कमिटीले संयुक्त प्रेस सम्मेलनको आयोजना गर्दै सम्पूर्ण मतदाताहरु प्रति धन्यवाद ज्ञापन गरेका छन् । मिरिक मण्डल कमिटीका अध्यक्ष अमर राणा , जिल्ला समितिका भाजपा नेता ललित निरौलाले पहाड अनि तराई मधेस क्षेत्रमा परिवर्तनको लहर चलेको बताउनु हुँदै यस पल्ट पहाड तराई क्षेत्रमा गोर्खाको जीत भएको बताउनु भयो |

**रेलिङ कैजले समष्टि**

राज्यको विधानसभा चुनाव नतिजाले पहाड सगै सम्पुर्ण राज्यमा ठुलो परिवर्तन ल्याएको छ। पन्द्र बर्षसम्म एकछत्र राज गरेको सत्तारूढ तृणमुल काग्रेससगै पहाडमा सत्तारुढ भागोप्रमोलाई चुनावी नतिजाले ठुलो चोट मात्रै होइन आगामी दिनको भविष्य कतातिर लैजाने हो, यो निक्कै चर्चाको बिषय बनेको छ। एकातिर हार भएका दलहरूमा निराशा छाएको बेला पहाडमा भाजपा गठबन्धन दलसग आवद्ध दलहरूमा ठुलो आत्माबिश्वास बढेको छ। यसैबीच यस जीतले सम्पुर्ण पहाडमा नयाँ उर्जा थपेको रेलिङ कैजले समष्टिका भाजपा गठबन्धन दलका प्रतिनिधिहरुले बताएका छन् ।

**गौचला ट्रेल रन**

स्माइल सिक्किम ट्रेक्स एण्ड एडभेन्चरद्वारा युक्सममा गत 2 मईमा आयोजित गौचला ट्रेल रनको दोस्रो संस्करण सफलतापूर्वक सम्पन्न भयो। यसमा भारत तथा विदेशबाट २५० भन्दा अधिक  धावकहरूको सहभागिता रहेको थियो। यो कार्यक्रमलाई जय बालाजी ग्रुपले टाइटल स्पन्सर गरेको थियो भने डिक्वेस्ट एडभेन्चर र होटल हिमसागरले सहयोग गरेका थिए। कन्चनजंगा राष्ट्रिय निकुञ्ज (युनेस्को विश्व सम्पदा स्थल) भित्रको चुनौतीपूर्ण गौचला ट्रेकिङ रुटमा आयोजित यस दौडले उच्च उचाइ र कठिन भूभागको कारण धावकहरूलाई कडा परीक्षा दियो।प्रोजेक्ट लाइफका बर्ष २०२४ देखि सक्रिय सदस्य, दुई सन्तानकी आमा तथा प्रोजेक्ट लाइफ (बुङ्कुलुङ) मिरिकका कोअर्डिनेटर रञ्जना सुब्बाले महिलाको ३६ देखि ५९ वर्ष उमेर समूहको ३० किलोमिटर दौडमा प्रथम स्थान प्राप्त गरेका छन् ।

**गौपाल किसानहरु**

राज्यमा विधानसभा चुनावको नतिजा आउनसाथै राजनैतिक सरगर्मी बडेको बेला राज्यमा बनिने आगामी सरकारले पहाडको ग्रामिण अर्थतन्त्रको एक बलियो खाबो मानिने गौपालक कृषकहरुले  ठुलो आशा साचेका छन् ।उनीहरु विगत दुई दशकभन्दा अधि पहाडमा चलेको हिमुलजस्तै दुध उत्पदनसग काम गर्नसक्ने कुनै ठुलो परियोजना होस भन्ने चहान्छन । पहाडमा पशुपालनका कारण धेरै कृषकहरुले आफुलाई स्वनिर्भर बन्न सक्ने प्रबल सम्भावना छ ।

**********